अनुसूची

# नमूना पुनर्वास कार्ययोजनाः कजरा उप आयोजना

## रुपन्देही जिल्ला[1]

## १. प्रभावित जग्गा जमिन र अन्य सम्पत्ति खुलाईएको उप-आयोजनाको ले-आउट नक्शा

नहर एलाइन्मेण्ट तथा अन्य मुख्य मुख्य संरचनाहरु, प्रभावित सम्पत्ति (घर, व्यापारिक संरचना, टहरा र अन्य संरचनाहरु) जग्गा जमिन, सामुदायिक सम्पत्ति र सुविधाहरु (खानेपानी, इनार पोखरी), सामुदायिक भवन, मन्दिरहरु आदि देखाउने उप-आयोजनाको ले-आउट नक्शा

## २. आयोजनाबाट प्रभावित परिवार र सम्पत्ति

स्थलगत सर्भेक्षण र संपुष्टि (भेरिफिकेशन) अनुसार यस उप-आयोजनाले कुल १७ (सत्र) परिवारहरुलाई असर पार्न सक्दछ । उप-आयोजनाबाट प्रतिकुल रुपमा प्रभावित परिवार तथा यसबाट प्रभावित हुन सक्ने सम्पत्तिको सूची देहायको तालिकामा दिइएको छः

### तालिका नं. १ उप-आयोजनाबाट प्रभावित परिवार र सम्पत्ति

| क्र.सं. | प्रभावित घर परिवारको मुलीको नाम | घर परिवारको संख्या | प्रभावित सम्पत्ति | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | जग्गा (हे) | आवासीय | टहरा | रुख | खडा वाली |

[1] यो नमूना पूनर्वास कार्ययोजना एकीकृत सामाजिक तथा वातावरणीय मूल्याङ्कन अध्ययनको क्रममा गरिएको स्थलगत सर्भेक्षणबाट संकलित उपलब्ध तथ्याङ्कका आधारमा तयार पारिएको हो । विस्तृत इन्जिनीयरिङ्ग सर्भेक्षण सम्पन्न भएपछि प्रभावित परिवार र सम्पत्ति/श्रोतको थप सम्पुष्टि आवश्यक हुन सक्छ ।

| | | | | संरचना | | | (रु.) |
|---|---|---|---|---|---|---|---|
| १. | नाथु प्रसाद थारु | १५ | ०.०२ | - | १ | २ | - |
| २. | डक्टर थारु | ६ | ०.०३ | - | - | - | १५०० |
| ३. | चन्द्रावती थारु | ६ | ०.०७ | - | - | - | २००० |
| ४. | मोहरी थारु | १० | ०.०२ | - | - | - | ४०० |
| ५. | रुपतान थारु | ४ | ०.०२ | - | - | - | ४०० |
| ६. | फौधर थारु | ८ | ०.०३ | - | - | - | १५०० |
| ७. | गणेश चौधरी | ८ | ०.०२ | - | - | - | - |
| ८. | नरेश चौधरी थारु | ४ | ०.०३ | - | - | ४ | - |
| ९. | टिकूरी थारु | ६ | ०.०७ | - | - | - | ७००० |
| १० | दिनेश थारु | १४ | ०.०९ | - | - | १० | ५००० |
| ११. | वधू यादव | २ | ० | १ | - | - | - |
| १२. | राजाराम यादव (१) | १५ | ०.६ | - | - | - | ३२०० |
| १३. | राजाराम यादव (२) | १० | ०.१ | - | - | - | ८००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४. | गोवरी थारु | ७ | ०.०७ | - | - | - | ७७०० |
| १५. | नाथू थारु (१) | १६ | ०.०१ | - | - | - | ७००० |
| १६. | नाथू थारु (२) | ९ | ०.०३ | - | - | - | - |
| १७. | टेक बहादुर थारु | ८ | ०.०२ | - | - | - | - |
| | कूल | १४८ | ०.७८ | १ | १ | १६ | ४३७०० |

स्रोतः एकीकृत सामाजिक तथा वातावरणीय मूल्याङ्कन स्थलगत सर्भेक्षण, २००६।

उप-आयोजनामा हुने जग्गाको समग्र नोक्सानीको औषत १७ घर परिवारहरुको स्वामित्व र उपभोगमा रहेको ०.७८ हेक्टर अनुमान छ। प्रति घर परिवार जग्गाको औषत नोक्सानी ०.०४५ हेक्टर, जुन औषत जग्गा स्वामित्व (०.९८ हेक्टर)को करीब ५ प्रतिशत हुन आउँछ। सामाजिक तथा वातावरणीय व्यवस्थापन कार्यसंरचना (SEMF) का अनुसार आयोजनाबाट प्राप्त गरिने उनीहरुको सबै सम्पत्तिको सम्बन्धमा जग्गाधनीहरुसँग परामर्श गरी उनीहरुलाई सो बापत क्षतिपूर्ति दिनु पर्दछ।[२] नेपाल सरकारको र सामाजिक तथा वातावरणीय व्यवस्थापन कार्यसंरचना (SEMF) को कानूनी व्यवस्थाअनुसार आयोजनाबाट प्रभावित परिवारहरुलाई उचित क्षतिपूर्ति दिन एउटा क्षतिपूर्ति निर्धारण समिति गठन गरिनेछ।

## ३. हानी नोक्सानीको किसिमअनुसार प्रभावित व्यक्तिहरुले पाउने क्षतिपूर्ति

तालिका २ मा उल्लेखित प्रभावित परिवारहरुलाई उनीहरुको ग्राह्यता र सामाजिक तथा वातावरणीय कार्य संरचनामा निर्दिष्ट भए बमोजिम आयोजनाको क्षतिपूर्ति दिने सम्बन्धी नीति अनुसारको क्षतिपूर्ति र पूनर्वास तथा पूनर्स्थापना सहयोग उपलव्ध गराइने छ। उप-आयोजना

[२] सामाजिक तथा वातावरणीय व्यवस्थापन कार्यसंरचनामा निर्दिष्ट व्यवस्था अनुसार जग्गा धनि वा उपभोगकर्ताहरुबाट प्रभावित जग्गा वा अन्य सम्पत्ति स्वेच्छिक रुपमा उपलव्ध गराइएमा जल उपभोक्ता संस्था, आयोजनाका कर्मचारी, गैरसरकारी संस्थाले जग्गा उपलव्ध गराउने सम्बन्धी फाराम भरी जनगणना सर्भेक्षण पछि जग्गा धनी र जल उपभोक्ता संस्था वीच समझदारी पत्र (MOU) मा हस्ताक्षर सम्पन्न गर्नु गराउनु पर्दछ।

अन्तर्गत प्रभावित परिवारहरुको अनुमानित हानी नोक्शानी र उनीहरुले पाउने क्षतिपूर्ति निम्नानुसार छः

**तालिका नं. २ः हानी नोक्सानी र क्षतिपूर्तिको किसिम**

| क्र. सं. | हानी नोक्सानीको किसिम | प्रभावित परिवार संख्या | पुनर्वास तथा पुनर्स्थापना सहायता नीतिअनुसारको कार्यसंरचनाअनुसार आयोजनाबाट प्रभावित परिवारहरुको वर्गीकरण[३] | हकदावी वा क्षतिपूर्ति |
|---|---|---|---|---|
| १. | जग्गाको हानी नोक्सानी | १६ | आयोजनाबाट प्रभाबित परिवारहरु | बजार मूल्य अनुसार नगद क्षतिपूर्ति/कृषि प्रणाली सुधारसम्बन्धी सहयोग |
| २. | आवासीय संरचनाकोहानी नोक्सानी | १ | आयोजनाबाट विशेष रुपमा प्रभाबित परिवारहरु | नगद क्षतिपूर्ति, पूनर्बास तथा पूनर्स्थापना सहायता |
| ३. | टहराको हानी नोक्सानी | १ | आयोजनाबाट प्रभाबित परिवारहरु | नगद क्षतिपूर्ति |
| ४. | रुख/बाँसघारी | ३ | आयोजनाबाट प्रभाबित परिवारहरु | नगद क्षतिपूर्ति |
| ५ | खडा बाली | १२ | आयोजनाबाट प्रभाबित परिवारहरु | नगद क्षतिपूर्ति |

[३] प्रभावित हूने कुल १७ प्रभावित घर परिवारहरु मध्ये १६ घर परिवारले कम परिमाणमा निजी जग्गा गुमाउनु पर्ने हुँदा उनीहरु आयोजनाबाट प्रभावित परिवारका वर्गीकरण अन्तर्गत पर्दछन् र एक घर परिवारले आवासिय संरचना गुमाउनु पर्ने हुँदा सो परिवारलाई आयोजनाबाट विशेष रुपमा प्रभावित परिवारको वर्गीकरण अन्तर्गत राखिएको छ ।

## ४. पुनर्वास तथा पुनर्स्थापना सहायतासम्बन्धी व्यवस्था

उपरोक्त बमोजिमको हानी नोक्सानी बापत दिइने नगद क्षतिपूर्तिको अतिरिक्त आयोजनाले सामाजिक तथा वातावरणीय व्यवस्थापन कार्य संरचनाअनुसार विस्थापित परिवारहरुलाई देहाय बमोजिमको पुनर्वास तथा पुनर्स्थापना सहायता उपलब्ध गराउने छ ।

तालिका ३ः विस्थापित परिवारहरुलाई पुनर्वास तथा पुनर्स्थापना सहायतासम्बन्धी व्यवस्था

| क. सं. | पुनर्वास तथा पुनर्स्थापना सहायता | परिवार संख्या | रकम रु. |
|---|---|---|---|
| १ | पुनर्वास (संक्रमणकालिन) भत्ता[४] | १ | ७,५०० |
| २. | यातायात/ढुवानी भत्ता | १ | १,५०० |
| ३. | घर निर्माणमा सहयोग | १ | २५,००० |
| | कुल | - | ३४,००० |

नगद सहयोगका अतिरिक्त, विस्थापित परिवारहरुलाई उप-आयोजनामा रोजगारीका लागि प्राथमिकता दिइने छ । साथै आयोजना र सहयोगी गैरसरकारी संस्थाहरुले आयोजनाबाट प्रभावित व्यक्तिहरुका लागि आयोजना गर्ने तालिम र अन्य कार्यक्रमहरुमा यस्ता परिवारहरुका सदस्यहरुलाई समावेश गर्नेछन् ।

[४] पुनर्वास (विस्थापन/संक्रमण) भत्ता प्रति विस्थापित परिवार करीब रु. ७५०० को अनुमान गरिएको छ । यो भत्तालाई व्यापारिक/व्यवसाय गर्ने स्थानको हानी नोक्सानीका सम्वन्धमा पनि उपयोग गर्न सकिने छ ।

## ५ उप-आयोजना अन्तर्गतको अनुमानित क्षतिपूर्तिः

विभिन्न सम्पत्ति बापत दिइने क्षतिपूर्तिको अनुमानित अंक तालिका ४ मा उल्लेख गरिएको छ । यो अनुमान सर्भेक्षण र आयोजनाबाट प्रभावित/ विशेष रुपमा प्रभावित परिवारहरुको परामर्शमा आधारित छ । उप-आयोजनाको निर्माण कार्य शुरु गर्नु अघि सामुदायिक तथा वातावरणीय कार्यसंरचनामा तोकिए बमोजिमको कार्यविधि अनुसार क्षतिपूर्तिको भुक्तानी दिइने छ । उप-आयोजनाबाट प्राप्त गरिने वा गर्नु पर्ने हुन सक्ने सम्पूर्ण सम्पत्ति बापतको कुल अनुमानित क्षतिपूर्तिको अंक निम्न लिखित तालिका ४ मा दिइएको छ ।

### तालिका ४ः उप-आयोजना अन्तर्गत प्रभावित सम्पत्तिको किसिम र मूल्य

| क्र. सं. | प्रभावित घर परिवार मुलीको नाम | प्रभावित सम्पत्ति र क्षतिपूर्तिको अनुमानित रकम | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जग्गा जमिन | | आवासिय संरचना | | टहरा | | रुख | | बाली |
| | | हे. | रु. | स्क्वायर फिट | रु. | स्क्वायर फिट | रु. | संख्या | रु. | रु. |
| १. | नाथू प्रसाद थारु | ०.०२ | ४०००० | | | १ | १००० | २ | ५००० | ० |
| २. | डक्टर थारु | ०.०३ | ४०००० | | | | | | | १५०० |
| ३. | चन्द्रावती थारु | ०.०७ | ८०००० | | | | | | | २००० |
| ४. | मोहरी थारु | ०.०२ | १०००० | | | | | | | ४०० |
| ५. | रुपतान थारु | ०.०२ | १०००० | | | | | | | ४०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६. | फौधर थारु | ०.०३ | ४०००० | | | | | | | १५०० |
| ७. | गणेश चौधरी | ०.०२ | २०००० | | | | | | | ० |
| ८. | नरेश चौधरी थारु | ०.०३ | ४००० | | | | | ४ | ४००० | ० |
| ९. | टिकूरी थारु | ०.०७ | १००००० | | | | | | | ७००० |
| १० | दिनेश थारु | ०.०९ | १७०००० | | | | | | | ५००० |
| ११. | वधू यादव | ० | ० | २० | ८५००० | | | | | ० |
| १२. | राजाराम यादव(१) | ०.६ | ४५००० | | | | | १० | ६०० | ३२०० |
| १३. | राजाराम यादव(२) | ०.१ | १२००० | | | | | | | ८००० |
| १४. | गोवरी थारु | ०.०७ | ८०००० | | | | | | | ७७०० |
| १५. | नाथू थारु (१) | ०.०१ | १२०००० | | | | | | | ७००० |
| १६. | नाथू थारु (२) | ०.०३ | ७०००० | | | | | | | ० |
| १७. | टेक बहादूर थारु | ०.०२ | १०००० | | | | | | | ७०० |
| | **कूल** | ०.०८ | ८८७००० | २० | ८५००० | १२ | १००० | १६ | ९६०० | ४४४०० |

द्रष्टव्यः नेपाल सरकार तथा सामाजिक तथा वातावरणीय कार्यसंरचना (SEMF) का प्रचलित कार्यविधि तथा मापदण्डहरु अनुसार क्षतिपूर्ति निर्धारण समितिले निर्धारण गरेको सम्पत्तिको मूल्याङ्कनमा क्षतिपूर्तिको वास्तविक रकम आधारित हुनेछ ।

## ६. क्षतिपूर्ति भुक्तानी दिने तरीकाः

प्रभावित परिवारलाई रकमको आधारमा चेकबाट वा नगदबाट क्षतिपूर्ति उपलव्ध गराईने छ । क्षतिपूर्तिको रकम १०,००० रुपैया भन्दा घटी भएमा नगद मै भुक्तानी दिइने छ । तर सो रकम १०,००० रुपैया भन्दा बढी भएमा सुरक्षाको दृष्टिकोणले चेकबाट खातामा भुक्तानी दिइनेछ ।

## ७. सम्पत्ति प्राप्त गर्ने र क्षतिपूर्ति उपलव्ध गराउने मुख्य मुख्य कार्यविधिः

१) सम्पत्तिको सम्पुष्टि सर्भेक्षण गर्ने

प्रथमतः आयोजनाको परामर्शदाताको सहयोगमा सम्पत्तिको सम्पुष्टि सर्भेक्षण गर्नुपर्नेछ । सम्पत्ति धनीको नाम समेत खुलाईएको सबै निजी र सार्वजनिक सम्पत्तिको विस्तृत विवरण स्थलगत सर्भेक्षणको क्रममा तयार पारिने छ । प्रभावित घरपरिवारको जनगणना सर्भेक्षणको क्रममा सो विवरणमा थप परिमार्जन गरिने र योजना स्थलको पैदल भ्रमणका क्रममा पुनः सम्परिक्षण गरिने छ ।

२) सम्पत्ति प्राप्ति योजना तयार पार्नेः

आयोजना व्यवस्थापक तथा परामर्शदाताहरुले सम्पत्ति सम्पुष्टि प्रतिवेदनहरुको पुनरावलोकन गरी आयोजनाको निर्माण समयतालिकाको आधारमा सम्पत्ति प्राप्ति योजना तयार पार्दछन् । जिल्ला प्रशासन कार्यालय, जिल्ला मालपोत कार्यालयसँग पनि आवश्यकतानुसार क्षतिपूर्ति निर्धारण समितिको गठन र सम्पत्ति प्राप्त गर्ने विषयका सम्बन्धमा परामर्श गरिने छ । हानी नोक्सानी बापत उपर्युक्त क्षतिपूर्ति नदिएसम्म कुनै पनि निर्माण कार्य गरिने छैन ।

३) सूचना प्रकाशन गर्ने

क्षतिपूर्ति निधारण समितिले सम्पत्ति प्राप्त गर्ने सम्बन्धी १५ दिने सूचना स्थानीय/राष्ट्रिय स्तरको समाचारपत्रमा प्रकाशन गर्ने छ ।

४) क्षतिपूर्तिको लागि निवेदन दिने

सम्बन्धित प्रभावित परिवार/व्यक्तिले आफ्नो स्वामित्वको प्रमाण समेत संलग्न गरी तोकिएको म्याद भित्रै क्षतिपूर्तिको लागि निवेदन दिनु पर्नेछ ।

५) गुनासो व्यवस्थापन गर्ने

गुनासो व्यवस्थापन सम्बन्धी संयन्त्रको बारेमा स्थानीय जनतालाई पर्याप्त मात्रामा जानकारी दिइने छ । यस्तो राय स्थानीय छापा मार्फत जानकारी उपलव्ध गराएर वा क्षतिपूर्ति उपलव्ध गराउने सम्बन्धी कामकारवाही तथा आयोजनासँग सम्बन्धित अन्य काम कारवाहीबाट मर्का पर्न गएको भए सो सम्बन्धमा निवेदन दिनको लागि स्थानीय जनतालाई जानकारी दिने सूचना स्थानीय संचार माध्यम वा उप-आयोजना क्षेत्रका गाउँ विकास समिति र अन्य स्थानहरुमा प्रकाशन/टाँस गरी गर्न सकिने छ ।

६) निवेदन र दावी विरोधको छानविन गर्ने

जिल्ला मालपोत कार्यालय (DLRO), गैर सरकारी संस्था, स्थानीय परामर्श दातृ मंच (LCFS) र जलउपभोक्ता संस्था आदिको सहयोगमा सबै निवेदन, दावी, गुनासोको छानविन गरिने छ ।

७) क्षतिपूर्तिको दर निर्धारण गर्ने

क्षतिपूर्ति निर्धारण समितिले आवश्यकतानुसार बैठक गरी सामाजिक तथा वातावरणीय व्यवस्थापन कार्यसंरचना (SEMF) मा उल्लेख भए बमोजिमका स्थापित मापदण्ड र मान्यताहरु अनुसार क्षतिपूर्तिको दर निधारण गर्ने छ ।

८) क्षतिपूर्तिको भुक्तानी दिने

आयोजना कार्यालयले नगदको सुरक्षालाई दृष्टिगत गरी उपयुक्त स्थानहरुमा क्षतिपूर्तिको भुक्तानी दिनेछ ।

९) स्वामित्व हस्तान्तरण गर्ने

क्षतिपूर्ति दिइएको सम्पत्तिको स्वामित्व साविक धनिहरुबाट कानूनी रुपमा आयोजना वा सरकारलाई हस्तान्तरण गरिने छ ।

## ८. पुनर्स्थापना कार्य योजनाको कार्यान्वयनका मुख्य मुख्य चरणहरुः

पुनर्स्थापना कार्ययोजना कार्यान्वयनका मुख्य मुख्य चरण र कार्यविधिहरु सामाजिक तथा वातावराणीय कार्यसंरचना (SEMF) मा प्रस्तुत गरिएका छन् । पुनर्स्थापना कार्य योजना कार्यान्वन गर्ने विस्तृत प्रकृयाको विवरण निम्नानुसार छ । आयोजना तथा सम्बन्धित निकाय, अधिकारीहरुले सो को पालना गर्नु पर्दछ ।[५]

१) निर्माण कार्य प्रारम्भ गर्नु पूर्व आयोजनाबाट प्रभावित परिवारहरुको विस्तृत सूची तयार पारिने छ ।

२) उप-आयोजनाका संरचनाहरुबाट प्रभावित सम्पत्ति (जग्गा जमिन, बाली, रुख, घर र अन्य सम्पत्ति) को विस्तृत सम्पुष्टि गर्ने काम निर्माण अवधि अगावै सम्पन्न गरिसक्नु पर्नेछ ।

३) सबै प्रभावित सम्पत्तिको मूल्याङ्कन गर्नको लागि नेपाल सरकारको नियमानुसार क्षतिपूर्ति निर्धारण समिति गठन गरिने छ र निर्माण कार्य प्रारम्भ गर्नु अगावै क्षतिपूर्ति वितरण गर्ने काम सम्पन्न गरि सक्नु पर्नेछ ।

४) स्थानीय परामर्श दातृ मंच/जल उपभोक्ता संस्थाहरुको गठन गरी विभिन्न चरणका प्रकृयाहरुमा संलग्न गराइने छ र आयोजनाको कृयाकलाप, आयोजनाको प्रभाव, सम्पत्ति प्राप्त गर्ने तथा क्षतिपूर्ति उपलब्ध गराउने कार्यविधिहरुका सम्बन्धमा पारदर्शिताको माध्यमबाट जनतालाई सुचित गरिने छ ।

---

[५] सम्पन्न गरिने कृयाकलाप लगायतका प्रत्येक चरणमा सम्पन्न गर्ने निश्चित समय तालिका/मिति तय गरिने छ र सम्पत्तिको पुनः सम्पुष्टि गरेपछि क्षतिपूर्ति निर्धारण समिति (CFC) / आयोजना जलउपभोक्ता संस्थाबाट संयुक्त रुपमा सो समय तालिका र मिति तय गरिने छ ।

५) आयोजनाबाट प्रभावित परिवार, आदिवासी जनजाति, दलित, महिला, गरीब लगायतका कमजोर समूहहरुलाई रोजगारीको अवसर उपलब्ध गराइने छ । उपआयाोजना क्षेत्रमा श्रमिक/श्रम समूहहरु गठन गरी उनीहरुको क्षमता र सीपअनुसारको निर्माण कार्यमा उनीहरुलाई सहभागि गराइने छ । त्यसका साथै, स्थान, जात/जाति लैंगिक विशेष आधारमा सहभागितालाई प्रतिनिधिमूलक बनाउन स्थानीय परामर्शदातृ मंच र जलउपभोक्ता संस्था, जनमंचहरु उप-आयोजना भित्र क्लस्टर तहमा आवश्यकतानुसार गठन गरिने छ । स्थानीय सवालहरु हल गर्न र संचारलाई प्रभावकारी बनाउन यस्ता मंचहरुले सहयोगीको भूमिका पनि खेल्दछन् ।

६) पुनर्वास कार्ययोजना तथा कमजोर समूह विकास योजना कार्यान्वयन गर्न एवं तालिम, अभिमुखिकरण, आय आर्जन, परामर्श सेवा आदि उपलब्ध गराउने सम्पूर्ण प्रकृया सहज बनाउन सक्षम गैर सरकारी संस्थाहरुको सेवा लिइने छ । अन्य सेवाहरुको लागि अन्य सम्वद्ध निकायहरुमा राम्रो पहुँच प्राप्त गर्न आयोजना र गैर सरकारी संस्थाहरुबाट प्रभावित परिवारहरुलाई सहयोग उपलब्ध गराइने छ ।

## ९. पुनर्वास कार्ययोजना कार्यान्वयन सम्बन्धी संस्थागत प्रबन्ध

पुनर्वास कार्ययोजनाको कार्यान्वयनमा विभिन्न संस्था र स्थानीय तहका सरोकारवालाहरु संलग्न हुनेछन् । यस्तो संलग्नता संक्षेपमा देहाय बमोजिमको हुनेछ ।

- सिंचाइ विभाग/आयोजना व्यवस्थापन कार्यालयले केन्द्रमा सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना अन्तर्गतका सम्वद्ध सबै उप-आयोजनाहरुको योजना तर्जुमा र कार्यान्वयनमा प्रमुख भूमिका खेल्नेछ । विभागको वातावरण/सामाजिक इकाइले केन्द्रमा आयोजना तथा अन्य सरकारी निकायहरुसँग समन्वय गर्नुपर्नेछ । विभागको समाजशास्त्री सामाजिक प्रभाव योजना तर्जुमा र पुनर्वास योजना लगायतको व्यवस्थापन गर्ने सम्पूर्ण कामको लागि सम्पर्क विन्दू हुनेछ ।

- क्षेत्रीय सिंचाइ निर्देशनालयको समाजशास्त्रीले पुनर्वास कार्ययोजना तर्जुमा र कार्यान्वयन सम्बन्धी कृयाकलापहरु सहज बनाउने र समन्वय गर्ने जिम्मेवारी बहन गर्ने छ । क्षेत्रीय

सिंचाइ निर्देशनालयहरुले खास गरी केन्द्र र सिंचाइ विकास डिभिजन/सब डिभिजनहरु बीच काम गर्नेछ ।

- उप-आयोजना तहमा, सिंचाइ डिभिजन/सब डिभिजन प्रमुखले क्षतिपूर्ति निर्धारण समिति, जिल्ला विकास समिति, गा. वि. स., जल उपपभोक्ता संस्थासँग समन्वय गरी पुनर्वास कार्ययोजना कार्यान्वयन गर्नेछन् । एक जना पूर्णकालिन समाजशास्त्रीलाई पुनर्वास कार्ययोजना तर्जुमा/परिमार्जन गर्न, त्यसलाई अन्तिम रुप दिने र सो को कार्यान्वयन गर्ने प्रकृयामा संलग्न गराइने छ । उपभोक्ता संस्था, जनमंच, गैरसरकारी संस्थाहरु आदि जस्ता स्थानीय संस्थाहरुबाट आवश्यक सहयोग लिइने छ ।

## १०. बजेट

आयोजनाबाट प्रभावित / आयोजनाबाट विशेष रुपमा प्रभावित परिवारहरुलाई विभिन्न सम्पत्तिको हानी नोक्सानी तथा क्षतिपूर्ति, पूनर्स्थापना, पुनर्वास सहयोग उपलव्ध गराउन आवश्यक कुल बजेट संक्षेपमा तल दिइएको छ ।

**तालिका: पुनर्वास सहयोग कार्यक्रम बजेटको सारांश**

| क. सं. | विवरण | रु. |
|---|---|---|
| क | प्रत्यक्ष खर्च | |
| १ | जग्गा बापतको क्षतिपूर्ति | ८,८७,००० |
| २. | आवासिय संरचना | ८५,००० |
| ३. | टहरा संरचना | १,००० |

| | | |
|---|---|---|
| ४. | रुख/बाँस घारी | ९,६०० |
| ५. | बाली | ४४,४०० |
| | **कुल** | **१०,२७,०००।००** |
| ख. | पुनर्वास तथा पुनर्स्थापना सहयोग | ३४,००० |
| ग. | "क" र "ख" को कुल | १०,६१,०००।०० |
| घ. | प्रशासनिक खर्च "ग" को १० प्रतिशत | १,०६,१००।०० |
| | **कुल** | **११,६७,१००।००** |

यो नमूना बजेट मात्र हो । अन्तिम अनुमान पछि गरिने छ ।

सिंचाइ विभाग/आयोजनाले सम्बन्धित मन्त्रालयलाई अनुरोध गर्नेछ र पुनर्वास कार्ययोजना कार्यान्वयन गर्नका लागि बजेट उपलब्ध भएको सुनिश्चित गर्नेछ । साथै स्थानीय सरकारका निकायहरु (जि. वि. स., गा. वि. स.) र जल उपभोक्ता संस्थाहरुले पनि आयोजनाबाट प्रभावित परिवार/ आयोजनाबाट विशेष रुपमा प्रभावित परिवारहरुलाई आवश्यक क्षतिपूर्ति दिन लाभान्वित वर्गहरु मध्येबाट रकम संकलन गर्नेछन् ।

## ११. कार्यान्वयन तालिकाः

पुनर्वास कार्ययोजनामा दुई किसिमका कृयाकलापहरु समावेश छन्:

क) क्षतिपूर्ति र अन्यत्र विस्थापन तथा ख) पुनर्स्थापना सम्बन्धी उपायहरु । पहिलो कृयाकलाप सिभिल कार्य प्रारम्भ गर्ने पूर्वाधार हो भने दोश्रो कृयाकलाप सिभिल कार्य सँगसँगै वा प्रारम्भ हुनु

अगावै शुरु भई आयोजना कार्यान्वयन अवधिभर निरन्तर रहन्छ । कार्यान्वयन तालिकामा उप-आयोजना कार्यान्वयनका विभिन्न चरणहरु संलग्न छन् । यि चरणहरु हुन्:

१) सूचना प्रवाह लगायत सामाजिक तयारी अर्थात सम्पत्ति प्राप्ति र क्षतिपूर्ति भुक्तानीको लागि संचार र परामर्श, २) क्षतिपूर्ति निर्धारण समितिको गठन, ३) क्षतिपूर्तिको लागि सूचना प्रकाशन गर्ने, ४) क्षतिपूर्ति भुक्तानी गर्ने र गुनासो व्यवस्थापन गर्ने ५) आयोजनाबाट प्रभावित परिवार/आयोजनाबाट विशेष रुपमा प्रभावित परिवारहरु आदिको अनुगमन ।[६]

### तालिका नं.: पुनर्वास कार्ययोजना कार्यान्वयन तालिका

| क.सं. | कार्य | पहिलो वर्ष (त्रैमासिक) | | | | दोश्रो वर्ष (त्रैमासिक) | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| १ | उप-आयोजना कार्यान्वयन/अनुगमन | — | — | — | — | — | — | — | — |
| १.१ | सामाजिक तयारी (परामर्श/आयोजनाबाट प्रभावित व्यक्तिहरुलाई जानकारी उपलब्ध गराउने) | — | | | | | | | |
| १.२ | सम्पत्ति प्राप्तिको लागि सूचना प्रकाशित गर्ने, आयोजनाबाट मूल्याङ्कन | — | | | | | | | |
| १.३ | क्षतिपूर्तिको भूक्तानी, पुनर्वास तथा पुनर्स्थापना सहयोग, गुनासो सुनुवाई र व्यवस्थापन | — | | | | | | | |

[६] पुनर्वास कार्ययोजना अन्तर्गतका सबै कृयाकलापहरु सम्पन्न गर्ने बास्तविक कार्यान्वयन तालिका उप-आयोजनाको अन्तिम डिजाइन सकिए पछि र ठेक्का दिने र पुनर्स्थापना योजना ज्ञात भएपछि तय गरिनेछ ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २. | परामर्श र पुनर्स्थापना सहयोग | | | | | | | | |
| २.१ | पुनर्वास तथा पुनर्स्थापना सहयोग सम्बन्धी उपायहरु तथा आयोजनाबाट प्रभावित व्यक्ति/आयोजनाबाट विशेष रुपमा प्रभावित व्यक्तिहरुको अनुगमन | | | | | | | | |
| २.२ | फलोअप सहयोग | | | | | | | | |

सामान्यतया आयोजनाको प्रभाव र प्रभाव न्यूनीकरण सम्बन्धी सूचना उपलव्ध गराउने र परामर्श दिने सम्बन्धी सम्पूर्ण कृयाकलापहरु निर्माण अवधि भन्दा अगावै संचालन गरिने छन् । जब कि आयोजनाबाट प्रभावित व्यक्ति/आयोजनाबाट विशेष रुपमा प्रभावित व्यक्तिहरुलाई परामर्श र पुनर्स्थापना सम्बन्धी सहयोग जस्ता अन्य कृयाकलापहरुलाई निर्माण तथा निर्माण पछिका चरणमा निरन्तरता दिइने छ ।